# तराई-मधेश समृद्धि कार्यक्रम सञ्चालन कार्यविधि, २०७५

**कार्यविधि स्वीकृती मितिः २०७५/०६/१५ (दोस्रो संशोधन २०७६/१०/१९)**

**प्रस्तावना :** तराई-मधेशका मानव विकास सुचकाङ्कमा तुलनात्मक रूपमा पछाडि परेका स्थानीय तहहरूमा भौतिक पूर्वाधार लगायत विकासका कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालन गरी सघन रूपमा आर्थिक, सामाजिक रूपान्तरण गर्न एवं जनताको सार्वजनिक सेवामा पहुँच अभिवृद्धि तथा जीवनस्तरमा सुधार ल्याउन तराई-मधेश समृद्धि कार्यक्रम मार्फत आवश्यक विकास कार्यक्रमहरूको तर्जुमा गरी सञ्चालन र व्यवस्थापन गर्न वाञ्छनीय भएकाले **सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४** को दफा ४५ बमोजिम सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट **"तराई-मधेश समृद्धि कार्यक्रम सञ्चालन कार्यविधि, २०७५"** लागू गरिएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम **"तराई-मधेश समृद्धि कार्यक्रम सञ्चालन कार्यविधि, २०७५"** रहेको छ । यस कार्यक्रमलाई अंग्रेजीमा "Terai-Madesh Prosperity Programme, 2075" (TMPP) भनिनेछ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"अनुदान"** भन्नाले यस कार्यक्रम मार्फत् उपलब्ध हुने सशर्त पूँजीगत अनुदानलाई सम्झनु पर्दछ ।

(ख) **"आयोजना"** भन्नाले तराई-मधेश समृद्धि कार्यक्रम अन्तर्गत सञ्चालित आयोजनालाई सम्झनु पर्दछ ।

(ग) **"आयोजना छनौट समिति"** भन्नाले यस कार्यविधि बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

(घ) **"उपभोक्ता समिति"** भन्नाले यस कार्यक्रम अन्तर्गत सञ्चालित आयोजनाबाट प्रत्यक्ष लाभ पाउने उपभोक्ताहरू सम्मिलित भई आयोजना निर्माण, कार्यान्वयन तथा व्यवस्थापन गर्न गठन भएको समितिलाई सम्झनु पर्दछ ।

(ङ) **"केन्द्रीय समन्वय इकाई"** भन्नाले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत रहने यस कार्यविधि बमोजिम गठन भएको इकाईलाई सम्झनु पर्दछ ।

(च) **"गैह्र सरकारी संस्था"** भन्नाले संस्था दर्ता ऐन, २०३४ तथा अन्य प्रचलित कानुन बमोजिम दर्ता भएका सोही प्रकृतिका संस्थालाई सम्झनु पर्दछ ।

(छ) **"मन्त्रालय"** भन्नाले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई सम्झनु पर्दछ ।

(ज) **"सामुदायिक संस्था"** भन्नाले जनचेतना सम्बन्धी तालिम, अभिमुखीकरण, सीप विकास, बचत, कर्जा परिचालन, समावेशी विकास र सशक्तीकरण गर्ने उद्देश्यले कानून बमोजिम स्थापना भएका संस्थालाई सम्झनु पर्दछ ।

(झ) **"स्थानीय तह"** भन्नाले नेपालको संविधान बमोजिम गठन भएका यो कार्यक्रम सञ्चालन हुने अनुसूची-१ मा उल्लेखित महानगरपालिका, उप-महानगरपालिका, नगरपालिका र गाउँपालिकालाई सम्झनु पर्दछ ।

३. **कार्यविधिका मुख्य उद्देश्यहरू :** यस कार्यविधिको मुख्य उद्देश्यहरू देहाय बमोजिम हुनेछन् :

(क) तराई मधेशका आर्थिक, सामाजिक रूपले पछाडि परेका वर्ग, समुदाय र भौगोलिक क्षेत्रको पहिचान गर्ने ।

(ख) कार्यक्रम सञ्चालन हुने भौगोलिक क्षेत्र किटान गर्ने ।

(ग) आयोजना तर्जुमा र प्राथमिकीकरणलाई सुनिश्चित गर्ने ।

(घ) बजेट निकासा र खर्चलाई पारदर्शी तथा बस्तुनिष्ठ बनाउने ।

(ङ) स्थानीय तहलाई उपलब्ध गराइने स्रोतलाई प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गर्ने आधार र प्रक्रियाबारे स्पष्टता कायम गर्ने ।

(च) आयोजना तर्जुमा र व्यवस्थापनलाई सरल, पारदर्शी र व्यवस्थित गरी आयोजना कार्यान्वनयलाई प्रभावकारी तथा उत्तरदायी बनाउने ।

(छ) अनुदान उपलब्ध गराउने आधार र प्रक्रिया स्पष्ट पार्ने ।

(ज) उपलब्ध स्रोतबाट अधिकतम लाभ हासिल गरी सार्वजनिक सेवामा जनताको पहुँच अभिवृद्धि गर्ने ।

(झ) पहिचान भएका वर्ग, समुदाय र क्षेत्रका जनताको जीवनस्तरमा सुधार ल्याई गरिवी न्यूनिकरणमा प्रत्यक्ष टेवा पुऱ्याउने कार्यक्रमहरू सञ्चालन गर्ने ।

(ञ) कार्यक्रम कार्यान्वयनमा तादात्म्यता तथा एकरूपता ल्याउने ।

# परिच्छेद - २

## कार्य सञ्चालन गर्ने क्षेत्र र बजेटको व्यवस्था

४. **कार्यक्रमको कार्यक्षेत्र :** मानव विकासको सूचकाङ्क, न्यून तथा गरिबीको समग्र दर र गहनता उच्च रहेका अनुसूची-१ मा उल्लेख भए बमोजिमका तराई-मधेसका जिल्लाका छनौट भएका स्थानीय तहमा यो कार्यक्रम सञ्चालन गरिनेछ ।

५. **लागत साझेदारी : (क)** कार्यक्रम सञ्चालन गर्नका लागि तराई-मधेश समृद्धि कार्यक्रमबाट अधिकतम ९० प्रतिशत र स्थानीय तहबाट न्यूनतम १० प्रतिशत लागत सहभागितामा आयोजना सञ्चालन गरिनेछ। बढी लागत साझेदारी गर्ने स्थानीय तहले माग गरेका आयोजनाहरूलाई विशेष प्राथमिकता दिईने छ। तर स्रोत अभावका कारणले लागत साझेदारी गर्न नसक्ने स्थानीय तहको हकमा मन्त्रालयले निर्णय गरे बमोजिम हुनेछ ।

(ख) उपभोक्ता समितिबाट सञ्चालन गरिने आयोजनाको हकमा स्वीकृत बजेटको कम्तीमा १० प्रतिशत उपभोक्ता समितिबाट लागत सहभागिता व्यहोर्नु पर्नेछ ।

६. **बजेट सीमा उपलब्ध गराउने आधारहरू : (क)** कार्यक्रम लागू भएका स्थानीय तहहरूलाई स्वीकृत आयोजना कार्यान्वयनका लागि माग, आवश्यकता र औचित्यताको आधारमा प्रति आयोजना न्यूनतम रु. २५ लाख र अधिकतम २ करोड सम्मका लागि अनुदान उपलब्ध हुने गरी बजेट सीमा निर्धारण गरिनेछ। तर तोकिएको समय भित्र आयोजना माग प्रस्तावना नगर्ने स्थानीय तहहरुलाई अनुदान रकम उपलब्ध गराईने छैन ।

**(ख)** कुनै स्थानीय तहमा विशेष प्रकृतिका आयोजना सञ्चालन गर्नुपर्ने अवस्था परेमा सम्वन्धित स्थानीय तहको जनसंख्या, क्षेत्रफल, मानव विकास सुचकाङ्क, मानव गरिबी सूचकाङ्क तथा आर्थिक सामाजिक रूपले पछाडि परेका वर्ग र समुदायको आवश्यकतालाई समेत आधार मानी मन्त्रालयले बजेट सीमा वृद्धि गर्न सक्नेछ। आवश्यकतानुसार कार्यक्रमहरू बहुवर्षीय पनि हुन सक्नेछन् ।

**(ग)** स्थानीय तहले सम्बन्धित सभामा पेश गर्नु अघि वा पछि केन्द्रीय समन्वय इकाईले स्थानीय तहलाई बजेट सीमा उपलब्ध गराउनु पर्नेछ। सो अनुरूप लागत सफेदारीका लागि स्थानीय तहले सभावाट बजेट व्यवस्था गर्नुपर्नेछ। सम्वन्धित स्थानीयतहले सभा मार्फत लागत साफेदारीका लागि बजेट नछुट्याएको अवस्थामा अनुदान उपलब्ध गराउने/नगराउने सम्वन्धमा मन्त्रालयले निर्णय गरे बमोजिम हुनेछ ।

७. **कार्यक्रम सञ्चालनका क्षेत्रहरू :** (१) भौतिक पूर्वाधार विकास निर्माण मार्फत सार्वजनिक सेवामा पहुँच अभिवृद्धि तथा आर्थिक, समाजिक रूपले पछाडि परेका वर्ग र समुदायको जीवनस्तरमा सुधार गर्न अनुदान उपलब्ध गराइनेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त हुने अनुदान देहायका क्षेत्रका आयोजना तथा कार्यक्रम सञ्चालन गर्न प्रयोग गर्नु पर्नेछ ।

(क) **सामूहिक आवास भवन :** यस कार्यक्रम अन्तर्गत स्थानीय तहले व्यवस्थापन गरेको सार्वजनिक जग्गामा सामूहिक आवास भवन निर्माण गर्न सकिनेछ। भवनहरू निर्माण पश्चात स्थानीय तहले निर्धारण गरे बमोजिम अति विपन्न परिवारलाई आवासको रूपमा न्यूनतम भाडामा वा आवश्यकतानुसार निश्चित अवधि तोकी निःशुल्क उपलव्ध गराउनु पर्नेछ। भवन तथा कोठा प्राप्त गर्ने व्यक्तिले बेचबिखन वा हक हस्तान्तरण गर्न पाईने छैन। सामूहिक आवास भवनको स्वामित्व, सुरक्षा तथा व्यवस्थापनको जिम्मेवारी सम्बन्धित स्थानीय तहमा हुनेछ।

(ख) **साना सडक स्तरोन्नति कार्यक्रम :** स्थानीय तहहरुका भित्री ग्रामिण बस्तीहरु, पालिकाको केन्द्रबाट वडा जोडने, एउटा वडाबाट अर्को वडा जोडने र एउटा गाउँबाट अर्को गाउँ जोडने स-साना सडकहरु स्थानीय तहको कम्तीमा ३० प्रतिशत लागत सहभागिता व्यहोर्ने शर्तमा कार्यक्रम सञ्चालन गरिने । तर, सडकको नयाँ ट्र्याक खोल्न, माटोजन्य कार्य वा ग्राभेलका लागि मात्र यस कार्यक्रमको रकमबाट खर्च व्यहोरिने छैन ।

(ग) **सामुदायिक पूर्वाधार :** सामुदायिक भवन, विद्यालय भवन निर्माण, प्रसुति सेवा केन्द्र (Birthing Center), बाल विकास केन्द्र भवन, सामुदायिक तालिम केन्द्र निर्माण कार्यक्रमहरू ।

(घ) **कृषि विकास :** खाद्य तथा फलफूल प्रशोधन, जैविक कृषि व्यवसाय, कृषि उपजको संकलन तथा बिक्री केन्द्र, हाटबजार केन्द्र निर्माण, डेरी उद्यम सञ्चालन र व्यवस्थापन आदि ।

(ङ) **खानेपानी तथा सरसफाई :** धारा, पोखरी, इनार, ट्यूबवेल जडान, ढल, सार्वजनिक शौचालय तथा ट्याङ्की निर्माण, पाइपलाइन जडान कार्यक्रमहरू ।

(च) **सिँचाइ तथा नदी नियन्त्रण :** उत्पादनमूलक सिँचाइको निर्माण (सौर्य सिँचाइ प्रणाली समेत) तथा नदी नियन्त्रण जस्ता कार्यक्रमहरू ।

(छ) **उर्जा :** ग्रामीण विद्युतीकरण तथा वैकल्पिक उर्जा कार्यक्रमहरू ।

(ज) **विपद् न्यूनीकरण पूर्वाधार :** पोखरी तथा जलाशय निर्माण ।

(झ) **पारम्पारिक पेशा प्रवर्धनात्मक एंव आय आर्जन तथा जीवनस्तर सुधार कार्यक्रम :** आर्थिक, सामाजिक रुपले पछाडि परेका अति विपन्न अनुसुचि-४ मा तोकिएका जात/जातिहरुका लागि न्यूनतम २ लाख देखि अधिकतम १० लाख सम्म लागत लाग्ने तालिम तथा आय आर्जन कार्यक्रमहरु स्थानीय तहहरुले प्रस्ताव गर्नु पर्ने छ । स्थानीय तहहरुले प्रस्ताव पेश गर्दा तालिम कार्यक्रम राष्ट्रिय लघु, घरेलु तथा साना उद्योग प्रशिक्षण केन्द्रसंगको साझेदारीमा वा केन्द्रको प्रशिक्षकबाट तालिम सञ्चालन गर्ने गरि स्थानीय तह आफैले तालिम सञ्चालन गर्नु पर्नेछ ।

तर यसरी कार्यक्रम सञ्चालन गर्दा अन्य निकायबाट सञ्चालित समान प्रकृतिका कार्यक्रमसँग दोहोरो नहुने गरी सञ्चालन गर्नुपर्नेछ ।

# परिच्छेद - ३

## आयोजना सञ्चालन तथा व्यवस्थापन

८. **आयोजना छनौट** :

**(क)** स्थानीय तहले आवश्यकताको पहिचान गरी यस कार्यविधिको बजेट सीमाभित्र रही प्रस्तावित आयोजनाहरू अनुसूचि-२ बमोजिम केन्द्रमा माग एवं सिफारिश गर्नु पर्नेछ । निर्वाचित जनप्रतिनिधिहरू समेतको भावनाको प्रतिनिधित्व हुने गरी आवश्यक राय, सुझाव तथा सल्लाहका आधारमा स्थानीय तहबाट माग एवं सिफारिश भई आएका कार्यक्रमलाई आवश्यकतानुसार केन्द्रीय निर्देशक समितिले आयोजना स्वीकृतिको आधार लिन सकिनेछ ।

(अ) स्थानीय तहले अनुदान माग गर्दा आफै वा उपभोक्ताको लागत साझेदारी कुन प्रकारवाट आयोजना कार्यक्रम सञ्चालन गर्ने हो सो कुरा खुलाउनु पर्नेछ ।

(आ) उपदफा (क)१ बमोजिम स्थानीय तहले आवश्यकता पहिचान गरि कार्यविधिको सीमा र प्रकृया भित्र रही

प्रस्तावित आयोजनाहरुको लागि विवरण खुलाई अनुसुचि २ बमोजिम माग प्रस्ताव गर्नु पर्ने छ।

(१) आयोजना/कार्यक्रम गर्नुपर्ने आवश्यकता र प्राथमिकताको पुष्ट्याई।

(२) आयोजना/कार्यक्रमको संभाव्यता अध्ययन (फिजिविलिटी स्टडी) प्रतिवेदन।

(३) आयोजना/कार्यक्रमको कुल लागत र समय।

(४) आयोजना/कार्यक्रमको ड्रइङ्ग, डिजाइन, स्पेसीफीकेसन सहितको विस्तृत परियोजना (DPR) वा विस्तृत विवरण ।

(५) एक आर्थिक वर्ष भन्दा वदी अवधिको आयोजना कार्यक्रम भए प्रत्येक वर्षको लागि आवश्यक पर्ने रकम र स्थानीय तहबाट व्यहोरीने रकमको व्यहोराको विवरण।

(६) आयोजना/कार्यक्रमको कुल लागत मध्ये केन्द्र वा स्थानीय तहले व्यहोर्ने रकमको अनुपात र श्रोतको विवरण।

(७) समय समयमा नेपाल सरकारले तोकेका अन्य विवरण।

**(ख)** खण्ड 'क' अनुसार माग एवं सिफारिश भई आएका आयोजनाहरू मध्येबाट केन्द्रमा रहेको आयोजना छनौट समितिबाट छनौट गरी केन्द्रीय निर्देशक समितिबाट स्वीकृत भए पश्चात स्थानीय तहमा अनुदान उपलब्ध गराई कार्यान्वयन गरिनेछ।

**(ग)** आयोजना छनौट गर्दा अघिल्लो आर्थिक बर्षको आयोजना कार्यान्वयनको अवस्था, बजेट खर्चको अवस्था र त्यसबाट लाभान्वित समुदाय वा वर्गमा परेको प्रभाव समेतलाई आधार लिईनेछ ।

**(घ)** स्थानीय तहले आयोजना माग एवं सिफारिश गर्दा प्रति आयोजना रु. २५ लाखभन्दा कम लागत भएका आयोजना माग गर्न पाईने छैन । आयोजना छनौट गर्दा अधिकतम लागत मूल्यका दीर्घकालीन प्रभाव पर्ने र स्थानीय तहको अधिकतम नगद लागत सहभागिताको सुनिश्चितता भएका आयोजना तथा कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

**(ङ)** दुई वा सोभन्दा बढी स्थानीय तहका सिमानासँग जोडिएका आयोजना तथा कार्यक्रमहरूको छनौट, कार्यान्वन तथा व्यवस्थापन सम्बन्धमा केन्द्रीय निर्देशक समितिको निर्णयानुसार हुनेछ ।

९. **आयोजना सञ्चालन तथा व्यवस्थापन प्रक्रिया :** आयोजना कार्यान्वयन तथा व्यवस्थापन गर्दा देहाय बमोजिम गरिनेछ ।

(क) कार्यक्रम लागु हुने स्थानीय तहले प्रत्येक वर्ष माघ/फाल्गुन मसान्तसम्म यस कार्यक्रम अन्तर्गत सञ्चालन गरिने सम्भावित आयोजनाहरूको प्रस्ताव केन्द्रीय समन्वय इकाईमा पेश गर्ने ।

(ख) आयोजना छनौट समितिले स्थानीय तह/ जनप्रतिनिधिहरूबाट माग सिफारिस भई आएका

आयोजना/कार्यक्रमहरू चैत्र/वैशाख महिना भित्र छनौट गरी केन्द्रीय निर्देशक समितिबाट स्वीकृत भए पश्चात सो को विवरण स्थानीय तहमा उपलब्ध गराउने ।

(ग) छनौट भएका आयोजनाहरू सम्बन्धित स्थानीय तहको सभाबाट बजेट तथा कार्यक्रम स्वीकृत गरी कार्यान्वयन गर्ने ।

(घ) सम्बन्धित स्थानीय तहले आयोजना छनौट, माग प्रस्ताव एवं कार्यान्वयन तथा व्यवस्थापन गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानून बमोजिम गर्नु पर्नेछ ।

(ङ) केन्द्रबाट स्वीकृत आयोजनाको सम्बन्धित स्थानीय तहले आर्थिक वर्षको मंसिर मसान्त सम्म पनि कार्यान्वयनको कुनै पनि प्रक्रिया शुरु नगरेको अवस्थामा मन्त्रालयले त्यस्ता आयोजनाहरुलाई खारेज गरी अन्य स्थानीय तहमा माग भएका आयोजनाहरुमध्येबाट स्वीकृत गरी बजेट विनियोजन गर्न सक्नेछ ।

१०. **आयोजनाको अनुगमन तथा मुल्याङ्कनः** आयोजनाको अनुगमन तथा मूल्याङ्कन देहाय बमोजिम हुनेछः-

(क) स्थानीय तहको अनुगमन समितिले आयोजनाको नियमित अनुगमन तथा मूल्याङ्कन गर्नेछ ।

(ख) सम्बन्धित स्थानीय तहले यो निर्देशिका बमोजिम सञ्चालित कार्यक्रमहरूको मासिक/चौमासिक/बार्षिक

प्रगति प्रतिवेदन अनुसूची-३ बमोजिम केन्द्रीय समन्वय इकाईमा नियमित रूपमा पठाउनु पर्नेछ ।

(ग) केन्द्रीय समन्वय ईकाइले यस कार्यविधि अनुरूप कार्यक्रमहरूको नियमित अनुगमन मूल्याङ्कन गर्नेछ ।

# परिच्छेद - ४

## आर्थिक व्यवस्थापन

**११. वित्तीय स्रोत परिचालन तथा खर्च व्यवस्थापनः**

(क) कार्यक्रम कार्यान्वयन गर्न सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सम्वन्धित स्थानीय तहलाई सशर्त पुँजिगत अनुदान उपलब्ध गराउनेछ ।

(ख) स्थानीय तहले सार्वजनिक खरिद ऐन तथा अन्य प्रचलित कानून बमोजिम खर्च व्यवस्थापन गर्नु पर्नेछ ।

(ग) कार्य सम्पादनको आधारमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा बढीमा ३ किस्तामा रकम निकासा दिने व्यवस्था गरिनेछ ।

(घ) स्थानीय तहले प्रचलित कानून बमोजिम छुट्टै खर्च खाता मार्फत कार्यक्रमको लेखाङ्कन गर्ने, खर्चको लेखा राख्ने, कार्यक्रमको आन्तरिक तथा अन्तिम लेखापरीक्षण गर्ने गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

**१२. कन्टिन्जेन्सी रकमः** (१) आयोजना कार्यान्वयनका आधारमा भुक्तानी हुने कुल लागतको बढीमा दुई प्रतिशतले हुन आउने रकम आयोजना कार्यान्वयन गर्ने सम्बन्धित स्थानीय तहले कन्टिन्जेन्सी बापत छुट्याउन सक्नेछ।

(२) स्थानीय तहले उपदफा (१) बमोजिमको कन्टिन्जेन्सी रकम आयोजना सुपरिवेक्षण/अनुगमन र मूल्याङ्कन लगायतका व्यवस्थापकीय कार्य प्रयोजनका लागि मात्र खर्च गर्न सक्नेछ।

**१३. खर्चमा बन्देज :** तराई-मधेश समृद्धि कार्यक्रम अन्तर्गत स्थानीय तहलाई प्राप्त हुने अनुदान रकमबाट देहाय बमोजिमको क्षेत्र वा कार्यमा स्वीकृत रकम खर्च गर्न पाइने छैन :-

(क) कुनै पनि प्रकारको तलब भत्ता एवं कर्मचारी एवं राजनैतिक पदाधिकारी वा व्यक्तिको पारिश्रमिक तथा कर्मचारी सेवा निवृत्त हुँदा दिइने सुविधा सम्बन्धी खर्चहरू.

(ख) सवारी साधन मर्मत सम्भार र इन्धन खर्च।

(ग) घरभाडा, बिजुली, टेलिफोन, पानीको महशुल लगायत कार्यालय सञ्चालन सम्बन्धी खर्चहरू।

(घ) राजनीतिक दल तथा तिनका भातृ सङ्गठन, संघसंस्था वा व्यक्तिलाई कुनै किसिमको आर्थिक सहायता चन्दा, पुरस्कार प्रदान गर्न।

(ङ) दामासाही वा भागबण्डाको हिसावले रकम बाँडफाँड गर्न ।

(च) स्थानीय तहको सभाबाट स्वीकृत नभएका कार्यक्रम वा आयोजनामा खर्च गर्न ।

# परिच्छेद - ५

## विविध

**१४. केन्द्रीय निर्देशक समिति** : (१) कार्यक्रमको उद्देश्य बमोजिम प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाउन र आवश्यक समन्वय गर्न गराउन देहाय बमोजिमको केन्द्रीय निर्देशक समिति रहनेछ :

(क) सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - संयोजक

(ख) . सह-सचिव, अर्थ मन्त्रालय - सदस्य

(ग) सह-सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (योजना तथा विकास सहायता समन्वय महाशाखा) - सदस्य

(घ) महानिर्देशक, स्थानीय पूर्वाधार विभाग - सदस्य

(ङ) कार्यक्रम निर्देशक, तराई-मधेश समृद्धि कार्यक्रम -सदस्य-सचिव

(२) समितिको बैठक आवश्यकतानुसार बस्नेछ। साथै समितिको बैठकमा संयोजकले आवश्यकतानुसार विषयगत मन्त्रालयका प्रतिनिधि, अन्य कुनै पदाधिकारी वा विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

**१५. केन्द्रीय निर्देशक समितिको काम, कर्तव्य र अधिकार :** (१) केन्द्रीय निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) आयोजना छनौट समितिबाट छनौट भएका आयोजनालाई स्वीकृति दिने।

(ख) कार्यक्रमको योजना तर्जुमा तथा कार्यान्वयन सम्बन्धमा आवश्यक मार्गदर्शन प्रदान गर्ने।

(ग) कार्यक्रमको उद्देश्यहरू परिपूर्तिका लागि आवश्यक पर्ने स्रोतहरूको आँकलन तथा व्यवस्थापन गर्ने।

(घ) कार्यक्रमको लागि केन्द्रीय तहबाट गर्नुपर्ने समन्वय तथा कार्यान्वयनमा एकरूपता एवं सहजीकरण गर्ने।

(ङ) कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि सरोकारावालाहरू बीच आवश्यक समन्वय गर्ने गराउने।

(च) कार्यक्रमको अनुगमन प्रतिवेदन र समीक्षाको आधारमा सुधार गर्न आवश्यक सुझाव दिने।

**१६. आयोजना छनौट समिति :** (१) यस कार्यक्रमको लागि स्थानीय तहबाट माग भई आएका आयोजनाहरू छनौट गर्नका लागि देहाय बमोजिमको एक आयोजना छनौट समिति रहनेछ :

(क) सह-सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, (योजना तथा विकास सहायता समन्वय महाशाखा) - संयोजक

(ख) उप-सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, २ जना - सदस्य

(ग) सि.डि.ई, स्थानीय पूर्वाधार व्यवस्थापन विभाग - सदस्य

(घ) कार्यक्रम निर्देशक, तराई-मधेश समृद्धि कार्यक्रम - सदस्य-सचिव

(२) समितिको बैठक आवश्यकतानुसार बस्नेछ। साथै समितिको बैठकमा संयोजकले आवश्यकतानुसार अन्य मन्त्रालयका प्रतिनिधि, अन्य कुनै पदाधिकारी वा विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

**१७. आयोजना छनौट समितिको काम, कर्तव्य र अधिकार :**

१) स्थानीय तहबाट माग भई आएका आयोजनाहरूको विवरण तयार गर्ने ।

२) माग भई आएका आयोजनाहरू मध्ये रु.२५ (पच्चिस) लाख वा सो भन्दा बढी लागतका अयोजनाहरू मात्र कार्यविधि बमोजिम छनौट गर्ने ।

३) दीगो विकास लक्ष्य प्राप्त संग सम्वन्धित गरिबी, समावेशिता, पिछडिएको क्षेत्र, जलवायु परिवर्तनका असर

न्यूनिकरण जस्ता विषयलाई प्राथमिकता दिई छनौट गर्ने ।

४) स्थानीय तहबाट माग भई आएका आयोजनाहरूको आवश्यकतानुसार स्थलगत रूपमा निरीक्षण तथा रुजु (Verification) गर्ने ।

५) स्थानीय तहबाट माग भई आएका आयोजनाहरू दफा-६ मा तोकिएको मापडण्डका आधारमा उपरोक्तानुसार छनौट गरी केन्द्रीय निर्देशक समितिमा स्वीकृतिको लागि पेश गर्ने ।

**१८. केन्द्रीय समन्वय इकाई :** (१) कार्यक्रम समन्वय तथा सहजीकरण गर्न मन्त्रालयमा एक तराई-मधेश समृद्धि कार्यक्रम, केन्द्रीय समन्वय इकाई रहने छ। उक्त इकाईको बजेट, जनशक्ति तथा अन्य व्यवस्थापकीय पक्षहरू मन्त्रालयले तोके बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको इकाईको प्रमुखको रूपमा एक कार्यक्रम-निर्देशक रहनेछ ।

(३) मन्त्रालयले तोकेको निजामती सेवाको प्रशासन सेवा, सामान्य प्रशासन समूहको रा.प.द्वितीय श्रेणीको अधिकृत कार्यक्रम निर्देशक हुनेछ ।

**१९. केन्द्रीय समन्वय इकाईको कार्यहरू :** केन्द्रीय समन्वय इकाईले देहाय बमोजिमका कार्यहरू समन्वयात्मक, नतिजामूखी र समयवद्ध रूपमा गर्ने गराउने छ :-

(क) कार्यक्रम सम्बन्धी वार्षिक बजेट तथा आयोजनाहरू तयार गर्ने ।

(ख) स्वीकृत कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनको लागि समन्वय तथा सहजीकरण गर्ने गराउने ।

(ग) केन्द्रीय निर्देशक समिति र आयोजना छनौट समितिको सचिवालयको समेत कार्य गर्ने ।

(घ) प्रशासनिक तथा व्यवस्थापकीय सहयोगका लागि कर्मचारी व्यवस्थापन गर्ने ।

(ङ) सम्बन्धित स्थानीय तहहरूबाट कार्यक्रमको प्रतिवेदन लिई एकीकृत प्रगति प्रतिवेदन तयार गर्ने र सम्बन्धित निकायमा पठाउने ।

(च) आवश्यकता अनुसार कार्यक्रमबाट सञ्चालित आयोजनाहरूको अनुगमन, निरीक्षण एवं सुझाब दिने ।

(छ) कार्यक्रमसँग सम्बन्धित विषयमा स्थानीय तहसँग समन्वय एवं सहजीकरण गर्ने ।

(ज) कार्यक्रमको नियमित अनुगमन, निरिक्षण गरी प्रतिवेदन तयार गर्ने तथा आवश्यक पृष्ठपोषण प्रदान गर्ने ।

(झ) कार्यक्रम कार्यान्वयनबाट प्राप्त पृष्ठपोषणका आधारमा प्रगति समीक्षा गर्ने र सुधारका लागि पेश गर्ने ।

(ञ) कार्यक्रमको आर्थिक प्रशासन सम्बन्धी विवरण तथा छुट्टै जिन्सी अभिलेखहरू राख्ने ।

(ट) कार्यक्रमलाई प्राप्त सम्पूर्ण श्रोत र साधनहरूको समूचित उपयोग हुने गरी नियन्त्रण सुनिश्चित गर्ने ।

(ठ) कार्यक्रम सञ्चालन तथा प्रगतिको आधारमा जनशक्ति विकासका लागि स्थानीय तहहरूमा कार्यरत कर्मचारीहरूलाई आवश्यक तालिम, गोष्ठी सञ्चालन गर्ने गराउने ।

(ड) यस कार्यविधि बमोजिम कार्यक्रम कार्यान्वयन गर्ने गराउने ।

(ढ) केन्द्रीय समन्वय इकाई मातहतका प्राविधिक कर्मचारीलाई आवश्यक निर्देशन, समन्वय र सहजीकरण गर्ने ।

२०. **बाधा अड्काउ फुकाउने अधिकार :** यो कार्यविधि कार्यान्वयनका क्रममा कुनै बाधा अवरोध वा अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनको लागि मन्त्रालयले यस कार्यविधिमा आवश्यकतानुसार व्याख्या गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

२१. **खारेजी र बचाउ :** (१) सीमाक्षेत्र विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७४ खारेज गरिएको छ ।

(२) सीमाक्षेत्र विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७४ बमोजिम भए गरिएका कार्य यसै कार्यविधि बमोजिम भए गरिएको मानिनेछ ।

# अनुसूची-१

## (कार्यविधिको दफा-२ को खण्ड-'झ' संग सम्बन्धित)

## "तराई-मधेश समृद्धि कार्यक्रम" लागू हुने स्थानीय तहहरू

| सि.नं. | जिल्ला | सि.नं. | गाँउपालिका/नगरपालिका | वडा संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | इलाम | १ | चुलाचुलि गाउँपालिका | ६ | ६ |
| २ | झापा | २ | मेचीनगर नगरपालिका | १५ | १५ |
| | | ३ | दमक नगरपालिका | १० | |
| | | ४ | कन्काई नगरपालिका | ९ | |
| | | ५ | भद्रपुर नगरपालिका | १० | |
| | | ६ | अर्जुनधारा नगरपालिका | ११ | |
| | | ७ | शिवसताक्षी नगरपालिका | ११ | |
| | | ८ | गौरादह नगरपालिका | ९ | |
| | | ९ | विर्तामोड नगरपालिका | १० | |
| | | १० | कमल गाउँपालिका | ७ | |
| | | ११ | गौरीगञ्ज गाउँपालिका | ६ | |
| | | १२ | बाह्रदशी गाँउपालिका | ७ | |
| | | १३ | झापा गाउँपालिका | ७ | |
| | | १४ | बुद्धशान्ति गाउँपालिका | ७ | |
| | | १५ | हल्दीबारी गाउँपालिका | ५ | |
| | | १६ | कचनकवल गाउँपालिका | ७ | |
| ३ | मोरङ | १७ | विराटनगर महानगरपालिका | १९ | १७ |
| | | १८ | बेलबारी नगरपालिका | ११ | |
| | | १९ | लेटाङ्ग नगरपालिका | ९ | |
| | | २० | पथरी शनिस्चरे नगरपालिका | १० | |
| | | २१ | रंगेली नगरपालिका | ९ | |
| | | २२ | रतुवामाई नगरपालिका | १० | |
| | | २३ | सुनवर्षी नगरपालिका | ९ | |
| | | २४ | उर्लाबारी नगरपालिका | ९ | |
| | | २५ | सुन्दरहरैचा नगरपालिका | १२ | |

| सि.नं. | जिल्ला | सि.नं. | गाँउपालिका/नगरपालिका | वडा संख्या | कैफियत |
|---|---|---|---|---|---|
| | | २६ | बुढीगंगा गाउँपालिका | ७ | |
| | | २७ | धनपालथान गाउँपालिका | ७ | |
| | | २८ | ग्रामथान गाउँपालिका | ७ | |
| | | २९ | जहदा गाउँपालिका | ७ | |
| | | ३० | कानेपोखरी गाउँपालिका | ७ | |
| | | ३१ | कटहरी गाउँपालिका | ७ | |
| | | ३२ | केराबारी गाउँपालिका | १० | |
| | | ३३ | मिक्लाजुङ गाउँपालिका | ९ | |
| ४ | **सुनसरी** | ३४ | इटहरी उप-महानगरपालिका | २० | १२ |
| | | ३५ | धरान उप-महानगरपालिका | २० | |
| | | ३६ | इनरुवा नगरपालिका | १० | |
| | | ३७ | दुहवी नगरपालिका | १२ | |
| | | ३८ | रामधुनी नगरपालिका | ९ | |
| | | ३९ | बराह नगरपालिका | ११ | |
| | | ४० | देवानगञ्ज गाउँपालिका | ७ | |
| | | ४१ | कोशी गाउँपालिका | ८ | |
| | | ४२ | गढी गाउँपालिका | ६ | |
| | | ४३ | बर्जु गाउँपालिका | ६ | |
| | | ४४ | भोक्राहा गाउँपालिका | ८ | |
| | | ४५ | हरिनगर गाउँपालिका | ७ | |
| ५ | **सप्तरी** | ४६ | राजविराज नगरपालिका | १६ | १८ |
| | | ४७ | कञ्चनरूप नगपालिका | १२ | |
| | | ४८ | डाक्नेश्वरी नगरपालिका | १० | |
| | | ४९ | बोदेबरसाईन नगरपालिका | १० | |
| | | ५० | खड्क नगरपालिका | ११ | |
| | | ५१ | शम्भुनाथ नगरपालिका | १२ | |
| | | ५२ | सुरुङ्गा नगरपालिका | ११ | |
| | | ५३ | हनुमाननगर कङ्कालीनी नगरपालिका | १४ | |

| सि.नं. | जिल्ला | सि.नं. | गाँउपालिका/नगरपालिका | वडा संख्या | कैफियत |
|---|---|---|---|---|---|
| | | ५४ | सप्तकोशी नगरपालिका | ११ | |
| | | ५५ | अग्नीसाइर कृष्णासवरन गाउँपालिका | ६ | |
| | | ५६ | छिन्नमस्ता गाउँपालिका | ७ | |
| | | ५७ | महादेव गाउँपालिका | ६ | |
| | | ५८ | तिरहुत गाउँपालिका | ५ | |
| | | ५९ | तिलाठी कोईलाडी गाउँपालिका | ८ | |
| | | ६० | रूपनी गाउँपालिका | ६ | |
| | | ६१ | बेल्ही चपेना गाउँपालिका | ६ | |
| | | ६२ | विष्णुपुर गाउँपालिका | ४ | |
| | | ६३ | बलान-विहुल गाउँपालिका | ६ | |
| ६ | **सिराहा** | ६४ | लहान नगरपालिका | २४ | १७ |
| | | ६५ | धनगढीमाई नगरपालिका | १४ | |
| | | ६६ | सिरहा नगपालिका | २२ | |
| | | ६७ | गोलबजार नगरपालिका | १३ | |
| | | ६८ | मिर्चैया नगरपालिका | १२ | |
| | | ६९ | कल्याणपुर नगरपालिका | १२ | |
| | | ७० | कर्जन्हा गाउँपालिका | ११ | |
| | | ७१ | सुखीपुर नगरपालिका | १० | |
| | | ७२ | भगवानपुर गाउँपालिका | ५ | |
| | | ७३ | औरही गाउँपालिका | ५ | |
| | | ७४ | विष्णुपुर गाउँपालिका | ५ | |
| | | ७५ | बरियारपट्टी गाउँपालिका | ५ | |
| | | ७६ | लक्ष्मीपुर पतारी गाउँपालिका | ६ | |
| | | ७७ | नरहा गाउँपालिका | ५ | |
| | | ७८ | सखुवानन्कारकट्टी गाउँपालिका | ५ | |
| | | ७९ | अर्नमा गाउँपालिका | ५ | |
| | | ८० | नवराजपुर गाउँपालिका | ५ | |

| सि.नं. | जिल्ला | सि.नं. | गाँउपालिका/नगरपालिका | वडा संख्या | कैफियत |
|---|---|---|---|---|---|
| ७ | **धनुषा** | ८१ | जनकपुरधाम उप-महानगरपालिका | २५ | १८ |
| | | ८२ | क्षीरेश्वरनाथ नगरपालिका | १० | |
| | | ८३ | गणेशमान चारनाथ नगरपालिका | ११ | |
| | | ८४ | धनुषाधाम नगरपालिका | ९ | |
| | | ८५ | कमला नगरपालिका | ९ | |
| | | ८६ | नगराइन नगरपालिका | ९ | |
| | | ८७ | विदेह नगरपालिका | ९ | |
| | | ८८ | मिथिला नगरपालिका | ११ | |
| | | ८९ | मिथिलाविहारी नगरपालिका | १० | |
| | | ९० | शहीदनगर नगरपालिका | ९ | |
| | | ९१ | सवैला नगरपालिका | १३ | |
| | | ९२ | हंसपुर नगरपालिका | ९ | |
| | | ९३ | औरही गाउँपालिका | ६ | |
| | | ९४ | जनकनन्दिनी गाउँपालिका | ६ | |
| | | ९५ | बटेश्वर गाउँपालिका | ५ | |
| | | ९६ | मुखियापट्टी मुसहरमिया गाउँपालिका | ६ | |
| | | ९७ | लक्ष्मीनिया गाउँपालिका | ७ | |
| | | ९८ | धनौजीगाउँपालिका | ५ | |
| ८ | **महोत्तरी** | ९९ | जलेश्वर नगरपालिका | १२ | १५ |
| | | १०० | बर्दिबास नगरपालिका | १४ | |
| | | १०१ | गौशाला नगरपालिका | १२ | |
| | | १०२ | बलवा नगरपालिका | ११ | |
| | | १०३ | लोहरपट्टी नगरपालिका | ९ | |
| | | १०४ | मनरा सिसवा नगरपालिका | १० | |
| | | १०५ | रामगोपालपुर नगरपालिका | ९ | |
| | | १०६ | औरही नगरपालिका | ९ | |
| | | १०७ | भँगाहा नगरपालिका | ९ | |
| | | १०८ | मटिहानी नगरपालिका | ९ | |

| सि.नं. | जिल्ला | सि.नं. | गाँउपालिका/नगरपालिका | वडा संख्या | कैफियत |
|---|---|---|---|---|---|
| | | १०९ | सोनमा गाउँपालिका | ८ | |
| | | ११० | सम्सी गाउँपालिका | ७ | |
| | | १११ | महोत्तरी गाउँपालिका | ६ | |
| | | ११२ | पिपरा गाउँपालिका | ७ | |
| | | ११३ | एकडारा गाउँपालिका | ६ | |
| ९ | सर्लाही | ११४ | ईश्वरपुर नगरपालिका | १५ | २० |
| | | ११५ | मलङ्गवा नगरपालिका | १२ | |
| | | ११६ | लालवन्दी नगरपालिका | १७ | |
| | | ११७ | हरिपुर नगरपालिका | ९ | |
| | | ११८ | हरिपुर्वा नगरपालिका | ९ | |
| | | ११९ | हरिवन नगरपालिका | ११ | |
| | | १२० | बरहथवा नगरपालिका | १८ | |
| | | १२१ | बलरा नगरपालिका | ११ | |
| | | १२२ | गोडैटा नगरपालिका | १२ | |
| | | १२३ | बाग्मती नगरपालिका | १२ | |
| | | १२४ | कविलासी नगरपालिका | १० | |
| | | १२५ | चक्रघट्टा गाउँपालिका | ९ | |
| | | १२६ | चन्द्रनगर गाउँपालिका | ७ | |
| | | १२७ | धनकौल गाउँपालिका | ७ | |
| | | १२८ | ब्रह्मपुरी गाउँपालिका | ७ | |
| | | १२९ | रामनगर गाउँपालिका | ७ | |
| | | १३० | विष्णु गाउँपालिका | ८ | |
| | | १३१ | बसबरीया गाउँपालिका | ६ | |
| | | १३२ | कौडेना गाउँपालिका | ७ | |
| | | १३३ | पर्सा गाउँपालिका | ६ | |
| १० | रौतहट | १३४ | चन्द्रपुर नगरपालिका | १० | १८ |
| | | १३५ | गरुडा नगरपालिका | ९ | |
| | | १३६ | गौर नगरपालिका | ९ | |
| | | १३७ | बौधीमाई नगरपालिका | ९ | |
| | | १३८ | वृन्द्रावन नगरपालिका | ९ | |

| सि.नं. | जिल्ला | सि.नं. | गाँउपालिका/नगरपालिका | वडा संख्या | कैफियत |
| --- | --- | --- | --- | --- | --- |
| | | १३९ | देवाइ गोनाही नगरपालिका | ९ | |
| | | १४० | गढीमाई नगरपालिका | ९ | |
| | | १४१ | गुजरा नगरपालिका | ९ | |
| | | १४२ | कटहरीया नगरपालिका | ९ | |
| | | १४३ | माधवनारायण नगरपालिका | ९ | |
| | | १४४ | मौलापुर नगरपालिका | ९ | |
| | | १४५ | फतुवा विजयपुर नगरपालिका | ११ | |
| | | १४६ | ईशनाथ नगरपालिका | ९ | |
| | | १४७ | परोहा नगरपालिका | ९ | |
| | | १४८ | राजपुर नगरपालिका | ९ | |
| | | १४९ | राजदेवी नगरपालिका | ९ | |
| | | १५० | यमुनामाई गाउँपालिका | ५ | |
| | | १५१ | दुर्गाभगवती गाउँपालिका | ५ | |
| ११ | बारा | १५२ | कलैया उप-महानगरपालिका | २७ | |
| | | १५३ | जीतपुर सिमरा उप-महानगरपालिका | २४ | |
| | | १५४ | कोल्हवी नगरपालिका | ११ | |
| | | १५५ | निजगढ नगरपालिका | १३ | |
| | | १५६ | महागढीमाई नगरपालिका | ११ | |
| | | १५७ | सिम्रौनगढ नगरपालिका | ११ | |
| | | १५८ | पचरौता नगरपालिका | ९ | १६ |
| | | १५९ | परवानीपुर गाउँपालिका | ५ | |
| | | १६० | प्रसौनी गाउँपालिका | ७ | |
| | | १६१ | फेटा गाउँपालिका | ७ | |
| | | १६२ | आदर्श कोटवाल गाउँपालिका | ८ | |
| | | १६३ | करैयामाई गाउँपालिका | ८ | |
| | | १६४ | देवताल गाउँपालिका | ७ | |
| | | १६५ | बारागढी गाउँपालिका | ६ | |

| सि.नं. | जिल्ला | सि.नं. | गाँउपालिका/नगरपालिका | वडा संख्या | कैफियत |
|---|---|---|---|---|---|
| | | १६६ | सुवर्ण गाउँपालिका | ८ | |
| | | १६७ | विश्रामपुर गाउँपालिका | ५ | |
| १२ | पर्सा | १६८ | वीरगंज महानगरपालिका | ३२ | १४ |
| | | १६९ | पोखरिया नगरपालिका | १० | |
| | | १७० | बहुदुरमाई नगरपालिका | ९ | |
| | | १७१ | पर्सागढी नगरपालिका | ९ | |
| | | १७२ | ठोरी गाउँपालिका | ५ | |
| | | १७३ | जगरनाथपुर गाउँपालिका | ६ | |
| | | १७४ | धोविनी गाउँपालिका | ५ | |
| | | १७५ | छिपहरमाई गाउँपालिका | ५ | |
| | | १७६ | पकाहा मैनपुर गाउँपालिका | ५ | |
| | | १७७ | बिन्दबासिनी गाउँपालिका | ५ | |
| | | १७८ | सखुवा प्रसौनी गाउँपालिका | ६ | |
| | | १७९ | पटेर्वा सुगौली गाउँपालिका | ५ | |
| | | १८० | कालिकामाई गाउँपालिका | ५ | |
| | | १८१ | जिराभवानी गाउँपालिका | ५ | |
| १३ | चितवन | १८२ | भरतपुर महानगरपालिका | २९ | ७ |
| | | १८३ | कालिका नगरपालिका | ११ | |
| | | १८४ | खैरहनी नगरपालिका | १३ | |
| | | १८५ | माडी नगरपालिका | ९ | |
| | | १८६ | रत्ननगर नगरपालिका | १६ | |
| | | १८७ | राप्ती नगरपालिका | १३ | |
| | | १८८ | ईच्छाकामना गाउँपालिका | ७ | |
| १४ | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | १८९ | कावासोती नगरपालिका | १७ | ८ |
| | | १९० | गैडाकोट नगपालिका | १८ | |
| | | १९१ | देवचुली नगरपालिका | १७ | |
| | | १९२ | मध्यविन्दु  नगरपालिका | १५ | |
| | | १९३ | बुङ्दीकाली गाउँपालिका | ६ | |
| | | १९४ | बुलिङटार गाउँपालिका | ६ | |
| | | १९५ | बिनयी त्रिबेणी गाउँपालिका | ७ | |

| सि.नं. | जिल्ला | सि.नं. | गाँउपालिका/नगरपालिका | वडा संख्या | कैफियत |
|---|---|---|---|---|---|
| | | १९६ | हुप्सेकोट गाउँपालिका | ६ | |
| १५ | **नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)** | १९७ | बर्दघाट नगरपालिका | १६ | ७ |
| | | १९८ | रामग्राम नगरपालिका | १८ | |
| | | १९९ | सुनवल नगरपालिका | १३ | |
| | | २०० | सुस्ता गाउँपालिका | ५ | |
| | | २०१ | पाल्हीनन्दन गाउँपालिका | ६ | |
| | | २०२ | प्रतापपुर गाउँपालिका | ९ | |
| | | २०३ | सरावल गाउँपालिका | ७ | |
| १६ | **रूपन्देही** | २०४ | बुटवल उप-महानगरपालिका | १९ | १६ |
| | | २०५ | देवदह नगरपालिका | १२ | |
| | | २०६ | लुम्बिनी साँस्कृतिक नगरपालिका | १३ | |
| | | २०७ | सैनामैना नगरपालिका | ११ | |
| | | २०८ | सिद्धार्थनगर नगरपालिका | १३ | |
| | | २०९ | तिलोत्तमा नगरपालिका | १७ | |
| | | २१० | गैडहवा गाउँपालिका | ९ | |
| | | २११ | कन्चन गाउँपालिका | ५ | |
| | | २१२ | कोटहीमाई गाउँपालिका | ७ | |
| | | २१३ | मर्चवारी गाउँपालिका | ७ | |
| | | २१४ | मायादेवी गाउँपालिका | ८ | |
| | | २१५ | ओमसतिया गाउँपालिका | ६ | |
| | | २१६ | रोहीणी गाउँपालिका | ७ | |
| | | २१७ | सम्मरीमाई गाउँपालिका | ७ | |
| | | २१८ | सियारी गाउँपालिका | ७ | |
| | | २१९ | सुद्धोधन गाउँपालिका | ७ | |
| १७ | **कपिलवस्तु** | २२० | कपिलवस्तु नगरपालिका | १२ | १० |
| | | २२१ | बुद्धभूमि नगरपालिका | १० | |
| | | २२२ | शिवराज नगरपालिका | ११ | |
| | | २२३ | महाराजगञ्ज नगरपालिका | ११ | |

| सि.नं. | जिल्ला | सि.नं. | गाँउपालिका/नगरपालिका | वडा संख्या | कैफियत |
|---|---|---|---|---|---|
| | | २२४ | कृष्णनगर नगरपालिका | १२ | |
| | | २२५ | बाणगंगा नगरपालिका | ११ | |
| | | २२६ | मायादेवी गाउँपालिका | ८ | |
| | | २२७ | यसोधरा गाउँपालिका | ८ | |
| | | २२८ | शुद्धोधन गाउँपालिका | ६ | |
| | | २२९ | विजयनगर गाउँपालिका | ७ | |
| १८ | दाङ्ग | २३० | तुलसीपुर उप-महानगरपालिका | १९ | १० |
| | | २३१ | घोराही उप-महानगरपालिका | १९ | |
| | | २३२ | लमही नगरपालिका | ९ | |
| | | २३३ | बंगलाचुली गाउँपालिका | ८ | |
| | | २३४ | दंगीशरण गाँउँपालिका | ७ | |
| | | २३५ | गढवा गाँउपालिका | ८ | |
| | | २३६ | राजपुर गाउँपालिका | ७ | |
| | | २३७ | राप्ती गाउँपालिका | ९ | |
| | | २३८ | शान्तिनगर गाउँपालिका | ७ | |
| | | २३९ | बबई गाउँपालिका | ७ | |
| १९ | बाँके | २४० | नेपालगञ्ज उप-महानगरपालिका | २३ | ८ |
| | | २४१ | कोहलपुर नगरपालिका | १५ | |
| | | २४२ | नरैनापुर गाउँपालिका | ६ | |
| | | २४३ | राप्तीसोनारी गाउँपालिका | ९ | |
| | | २४४ | बैजनाथ गाउँपालिका | ८ | |
| | | २४५ | खजुरा गाउँपालिका | ८ | |
| | | २४६ | डुडुवा गाउँपालिका | ६ | |
| | | २४७ | जानकी गाउँपालिका | ६ | |
| २० | बर्दिया | २४८ | गुलरिया नगरपालिका | १२ | ८ |
| | | २४९ | मधुवन नगरपालिका | ९ | |
| | | २५० | राजापुर नगरपालिका | १० | |
| | | २५१ | ठाकुरबाबा नगरपालिका | ९ | |

| सि.नं. | जिल्ला | सि.नं. | गाँउपालिका/नगरपालिका | वडा संख्या | कैफियत |
|---|---|---|---|---|---|
| | | २५२ | बाँसगढी नगरपालिका | ९ | |
| | | २५३ | बारबर्दिया नगरपालिका | ११ | |
| | | २५४ | बढैयाताल गाउँपालिका | ९ | |
| | | २५५ | गेरुवा गाउँपालिका | ६ | |
| २१ | **कैलाली** | २५६ | धनगढी उप-महानगरपालिका | १९ | १३ |
| | | २५७ | टीकापुर नगरपालिका | ९ | |
| | | २५८ | घोडाघोडी नगरपालिका | १२ | |
| | | २५९ | लम्किचुहा नगरपालिका | १० | |
| | | २६० | भजनी नगरपालिका | ९ | |
| | | २६१ | गोदावरी नगरपालिका | १२ | |
| | | २६२ | गौरीगंगा नगरपालिका | ११ | |
| | | २६३ | जानकी गाउँपालिका | ९ | |
| | | २६४ | बर्दगोरिया गाउँपालिका | ६ | |
| | | २६५ | मोहन्याल गाउँपालिका | ७ | |
| | | २६६ | कैलारी गाउँपालिका | ९ | |
| | | २६७ | जोसीपुर गाउँपालिका | ७ | |
| | | २६८ | चुरे गाउँपालिका | ६ | |
| २२ | **कञ्चनपुर** | २६९ | भीमदत्त नगरपालिका | १९ | ९ |
| | | २७० | पुनर्वास नगरपालिका | ११ | |
| | | २७१ | वेदकोट नगरपालिका | १० | |
| | | २७२ | माहाकाली नगरपालिका | १० | |
| | | २७३ | शुक्लाफाँटा नगरपालिका | १२ | |
| | | २७४ | बेलौरी नगरपालिका | १० | |
| | | २७५ | कृष्णपुर नगरपालिका | ९ | |
| | | २७६ | बेलडाँडी गाउँपालिका | ५ | |
| | | २७७ | लालझाडी गाउँपालिका | ६ | |
| जम्मा वडा संख्या | | | | २६७७ | २७७ |

# अनुसूची-२

## कार्यविधिको दफा-८ 'क' संग सम्वन्धित

## आयोजना कार्यक्रम माग फारम

१ आ.व. :-

२ महानगर/उप-महानगर/नगर/गाउँ पालिकाको नाम :-

३ जिल्ला :-

४ प्रदेश :-

५ कार्यपालिकाबाट सिफारिस मिति :-

| क.स | प्रस्तावित आयोजना/ कार्यक्रमको विवरण | कार्यक्रम सञ्चालन हुने स्थान (वडा नं.समेत) | आयोजना क्षेत्र* | भौतिक लक्ष्य परिमाणमा | अनुमानित लागत | | | आयोजना सम्पन्न हुने अवधि | आयोजनाबाट लाभान्वित जनसंख्या | डि.पि.आर/ ल.ई भए/ नभएको | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | केन्द्रीय अनुदान | स्थानीय तहबाट बेहोरिने रकम (न्यूनतम १०%) | कूल लागत | | | | |
| १ | | | | | | | | | | | |
| २ | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | |

* क्षेत्र भन्नाले (क) सामूहिक आवास भवन (ख) सामुदायिक पूर्वाधार (ग) कृषि विकास (घ) खानेपानी तथा सरसफाई (ङ) सिँचाइ तथा नदी नियन्त्रण (च) उर्जा (छ) विपद् न्यूनीकरण पूर्वाधार बमोजिमको कार्य उल्लेख गर्ने

माग एवं सिफारिस गर्नेको

नाम :-

दरखास्त :-

छाप :-

मिति :-

# अनुसूची-३

## कार्यविधिको दफा-१० को खण्ड 'ख' संग सम्वन्धित

## ..........मासिक/चौमासिक/वार्षिक प्रगति प्रतिवेदन

१ आ.व. :-
२ बजेट उपशिर्षकः
३ मन्त्रालय :- सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
४ कार्यक्रमको नाम :- तराई-मधेश समृद्धि कार्यक्रम
५ स्थानीय तहः-
६ आयोजना प्रमुखको नामः-

८ स्वीकृत रकम :-
९ निकासा भएको रकम :-
१० प्राप्त हुन बाँकी रकम : -
११ आयोजना सम्झौता मिति :-
१२ आयोजना सम्पन्न हुने मिति :-
१३ आयोजना सम्पन्न भएको मिति :-

| कक्र. सं. | सञ्चालित आयोजना/ कार्यक्रमको नाम | श्रोत | | | कर्यक्रम सञ्चालन प्रकृया | | | इकाई | बार्षिक लक्ष्य | | | बार्षिक प्रगति | | | यस ......... अवधिसम्मको खर्च | | लाभान्वित समुदाय/ जनसंख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | केन्द्रीय अनुदान रकम | स्थानीय तह लागत साझेदारी | कुल रकम | उपभोक्ता समिति | ठेक्का | अन्य | | परिमाण | भार | बजेट | परिमाण | भार | प्रतिशत | रकम रु. | प्रतिशत | | |
| १ | | | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | | | | | |

............................. 
योजना शाखा प्रमुख

.............................
आर्थिक प्रशासन शाखा प्रमुख

.............................
कार्यालय प्रमुख

**वार्षिक लक्ष्य र प्रगति उल्लेख गर्दा आयोजनाको क्षेत्रगत परिमाणात्मक उपलब्धी अनिवार्य उल्लोख गर्ने**

क सामुहिक आवस भवन :- घर/वटा
ख सामुदायिक पुर्वाधार :-वटा/तल्ला
ग सडक :- कि.मि/मिटर
घ कृषि विकास :- सख्या
ङ खानेपानि तथा सरसफाई :- मिटर
च सिँचाई तथा नदि नियन्त्रण :-मिटर
छ उर्जा :-मि/वटा
ज विपद न्यूनिकरण :-वटा

# अनुसूची-४

## (कार्यविधिको दफा-७ को खण्ड-'झ' संग सम्बन्धित)

## "तराई-मधेश समृद्धि कार्यक्रम" अर्न्तगत तालिम सञ्चालनमा सहभागि हुने जातजाती

| क्र.स | जात/जाती | क्र.स | जात/जाती |
|---|---|---|---|
| १ | थारु | २ | चमार/हरिजन/राम |
| ३ | कोइरी/कुशवाहा | ४ | धानुक |
| ५ | सन्यासी/दशनामी | ६ | मुसहर |
| ७ | दुसाद/पासवान/ पासी | ८ | केवट |
| ९ | कठवनिया | १० | मल्लाह |
| ११ | हजाम/ठाकुर | १२ | लोहार |
| १३ | तत्मा/तत्व | १४ | खत्वे |
| १५ | धोवी | १६ | नुनिया/लोनिया |

| | | | |
|---|---|---|---|
| १७ | कुम्हार/कोहार | १८ | बढई |
| १९ | सन्थाल/सतार | २० | धागर/झागँड |
| २१ | बाँतर | २२ | बरई |
| २३ | कहार | २४ | गनगाई |
| २५ | लोध | २६ | राजभर |
| २७ | भेडिहार | २८ | चिडियार |
| २९ | माली | ३० | डोम |
| ३१ | किसान | ३२ | धुनिया |
| ३३ | मुण्डा | ३४ | पथरकट्टा/कुशबाडिया |
| ३५ | नटुवा | ३६ | धन्कार/धरीकार |
| ३७ | कोरी | ३८ | सरवरिया |
| ३९ | धिमाल | ४० | मेचे |

| | | | |
|---|---|---|---|
| ४१ | माझी | ४२ | दनुवार |
| ४३ | अमात | ४४ | राजवंशी |
| ४५ | सोनार | | |
| मुसलमानका | | | |
| ४६ | इराकी | ४७ | फकिर |
| ४८ | अन्सारी/ज्वलाहा | ४९ | मन्सुरी |
| ५० | कवाडी,रायन,सब्जीफरोस | ५१ | मिकरानी |
| ५२ | जट | ५३ | गद्दी |
| ५४ | तेली | ५५ | धोबी |
| ५६ | दजी | ५७ | लेहरी/चुरीहार |
| ५८ | रङ्गरगेज | ५९ | हजाम/नाउ |
| ६० | गुज्जर | ६१ | कसाव/कुरैसी |

| | | | |
|---|---|---|---|
| ६२ | डफाली | ६३ | बंजारा |
| ६४ | धरिकार | ६५ | नट/नटुवा |
| ६६ | तुर्क | | |

# अनुसूची-५

## (कार्यविधिको दफा-७ को खण्ड-'झ' संग सम्बन्धित)

## "तराई-मधेश समृद्धि कार्यक्रम" अर्न्तगत सञ्चालन हुने तालिम कार्यक्रमहरु

| क्र.स | तालिम कार्यक्रम | क्र.स | तालिम कार्यक्रम |
|---|---|---|---|
| १ | हाते कागज तथा हाते कागजका बस्तु | २ | तयारी पोशाक (प्याटर्न सिलाई कटाई फेशन डिजाईन, एडभान्स सिलाई कटाई, मेशिन मर्मत |
| ३ | इम्ब्रोईडरी (हाते/मेसिन) | ४ | मखमल /ढाका/अल्लो जुता चप्पल |
| ५ | मेकानिकल (प्लम्बिङ्ग मोटर साईकल मर्मत गाडी मर्मत आदि ) | ६ | इलेक्ट्रिकल (हाउस बायरिङ्ग पानि तान्ने मेसिन मर्मत ) |
| ७ | इलेक्ट्रोनिक्स (कम्प्यूटर /मोबाईल मर्मत ) | ८ | खाद्य प्रशोधन (अचार,बेकरी, बेकरी एड्भान्स आदि ) |
| ९ | व्यूटिसियन (वेसिक र एडभान्स | १० | रबरमोल्ड र रेग्जिन बस्तु (सेरामिक्स) |
| ११ | क्रिष्टल सामाग्री (माला, गोला, ढला) | १२ | डल (खेलौना) |
| १३ | ह्वील थ्रोईङ्ग | १४ | कफि बारिस्टा |
| १५ | सम्वन्धित जातिको परम्परिक पेशा | | |